**आकाशवाणी समाचार- नेपाली**
**मितिः २५ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज सेवा संकल्प अभियान अन्तर्गत उत्तर प्रदेशको वाराणसीबाट गुजरातको वडनगर गइरहेको सेवा यात्रिहरुसित वीडियो कॉन्फ्रेंसको माध्यमले बातचीत गर्नु हुनेछ।

- उत्तर प्रदेशको ग्रेटर नोएडा स्थित इंडिया एक्सपो सेंटर एंड मार्टमा आज **चौथो उत्तर प्रदेश अंतर्राष्ट्रीय व्यापार शो** शुरू हुनेछ।

- वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो वैश्विक अर्थव्यवस्थामा भारतको भागीदारी लगातार बढिरहेको छ।

- इटली सरकारले स्कूलहरुमा बुर्का अनि नकाब लगाउने माथि रोक लगाउन मंजूरी दिएको छ।

- भारतले पहिलो चोटी **यूसीआई रोड वर्ल्ड चैंपियनशिप** को आयोजन गर्ने भएको छ।

**पीएम-सेवा यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदीले आज सेवा संकल्प अभियान अन्तर्गत उत्तर प्रदेशको वाराणसीबाट गुजरातको वडनगर गइरहेको सेवा यात्रिहरुसित वीडियो कॉन्फ्रेंसको माध्यमले बातचीत गर्नु हुनेछ। यस अवधि सेवा यात्रीहरुले प्रधानमंत्रीसित आफ्नो अनुभव साझा गर्नेछन्।
यो सेवा यात्रा 17 सितंबरमा शुरू भएको थियो अनि प्रधानमंत्रीको सार्वजनिक जीवनको 25 वर्ष पूरा भएको अवसरमा चलाइएको सेवा संकल्प अभियानको भाग हो। यात्रा अवधि युवा विभिन्न राज्यहरु, जिल्लाहरु, तहसीलहरु अनि गाउँहरु हुँदै स्थानीयहरुसित संवाद गरिरहेका छन् अनि जनसेवासित जोडिएका गतिविधिहरुमा भाग लिइ रहेका छन्।
सेवा यात्रिहरुले स्वच्छता अभियान चलाउनका साथै स्कूलहरु, अस्पतालहरु, नर्सिंग होम अनि अन्य सामुदायिक स्थानहरुमा मानिसहरुसित भेट गरेकोछ अनि सेवा कार्यहरुमा भाग लिएको छ। वाराणसी अनि वडनगर बीच विभिन्न स्थानहरुमा चलिरहेको यी मोटरसाइकिल यात्राको उद्देश्य युवाहरुलाई जनसेवा अनि समाजसित जोड्नु हो। यो यात्रा सात अक्टूबरसम्म जारी रहने छ।
प्रधानमंत्रीले हिजो वडनगरबाट वाराणसी गइरहेका सेवा यात्रिहरुसित बातचीत गर्नुभयो। उहाँले यात्रिहरुसित यात्राको अनुभव, साथै स्थानीयहरुसितको संवादको बारेमा जानकारी लिनुभयो। श्री मोदीले भन्नुभयो देशको अलग-अलग भागबाट गइरहेको यस्ता यात्राहरुले युवाहरुलाई भारतको विविधतालाई नजिकबाट बुझ्ने अवसर प्रदान गर्दछ।

प्रधानमंत्रीले भन्नुभयो यो यात्रा केवल एक स्थानदेखी दोस्रो स्थानसम्म पुग्ने माध्यम मात्रै होइन, तर आम मानिसहरुसित जोडिने, समुदायलाई बुझ्ने अनि सेवाको भावनालाई कार्यमा बदल्ने अवसर हो। उहाँले सेवा यात्रिहरुको प्रयासहरुलाई विकसित भारत-2047 को निर्माण प्रयाससित जोड्नु भयो अनि भन्नुभयो आधारभूत स्तर सम्म सेवाको भावना पुराउनमा युवाहरुको भूमिका महत्वपूर्ण छ।

**सेवा संकल्प अभियान – मिलेट्स**

प्रधानमंत्री नरेन्द्र मोदीले जनसेवामा 25 वर्ष पुरा गरिरहनु भएको छ। उहाँको यात्रा **जन सेवादेखि देश सेवा**को संकल्प

अनि निरंतर जनसेवाको भावनाबाट प्रेरित रहेको छ। यसै सेवा अनि सुशासनको सोच सहित सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यको दिशामा कार्य गरिरहेको छ। समावेशी विकास अनि सामाजिक सशक्तिकरणको माध्यमले आम मानिसको जीवनमा बदलाव ल्याउने प्रयास गरिँदैछ। यस विशेष श्रृंखला**मा** आज हामी बात गर्नेछौ कि श्री अन्न अर्थात् मिलेट्सको माध्यमले यस दृष्टिकोणलाई व्यवहारमा ल्याइने छ।

## यूपी इंटरनेशनल ट्रेड शो

उत्तर प्रदेशको ग्रेटर नोएडा स्थित इंडिया एक्सपो सेंटर एंड मार्टमा आज **चौथो उत्तर प्रदेश अंतर्राष्ट्रीय व्यापार शो** शुरू हुनेछ। पांच दिनको यस आयोजनको उद्घाटन, गृह अनि सहकारिता मंत्री अमित शाह अनि उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथले गर्नु हुनेछ। "**उत्तम खरीदारीको शुरुआत यहाँबाट**" थीममा आयोजित यो ट्रेड शो 29 सितंबरसम्म चल्नेछ। जसको उद्देश्य उत्तर प्रदेशका उद्यमिहरु, निर्माताहरु अनि निर्यातकहरुलाई सोझै वैश्विक बाजारसित जोड्नु हो।
संवाददाताह्रुसितको बातचीतमा हिजो राज्यका सूक्ष्म, लघु तथा मध्यम उद्यम मंत्री भूपेंद्र चौधरीले भन्नुभयो, सरकार उत्तर प्रदेशलाई वैश्विक खरीद केंद्रको रूपमा विकसित गर्न चाहन्छ। उहाँले बताए अनुसार राज्यमा 96 लाख भन्दा अधिक एमएसएमई इकाइहरु छन्। व्यापार शोको माध्यमले यि इकाइहरुलाई बजार विस्तार, निवेश, निर्यात अनि रोजगारको नयाँ अवसर प्राप्त हुनेछ। यस आयोजनमा 2 हजार 400 भन्दा अधिक प्रदर्शकहरु, लगभग डेढ़ लाख बिजनेस खरीदारहरु अनि साढ़े चार लाख भन्दा अधिक आम दर्शकहरु सामेल हुने आशा गरिएको छ। 85 देशबाट 550 भन्दा अधिक अंतरराष्ट्रीय खरीदार पनि यसमा सामेल हुनेछन्। यस पल्टको आयोजनमा ऑस्ट्रिया, जापान, रूस, सिंगापुर, बेलारूस अनि वियतनाम साझेदार देश रहेको छ। व्यापार अनि उद्योगमा महिलाहरुको बढ़दो भूमिकाको मध्यनजर लगभग 300 महिला प्रतिनिधिहरुले पनि यस आयोजनमा सक्रिय रूपले भाग लिने छन्। व्यापार शोमा कृषि, ऑटोमोबाइल, रक्षा, सूचना प्रौद्योगिकी, स्वास्थ्य, पर्यटन अनि अक्षय ऊर्जा समेत कयौ क्षेत्रहरुको उत्पादहरु प्रदर्शित गरिनेछ। **'एक जिला, एक व्यंजन'** पहल पनि यस बर्ष शुरू गरिनेछ। आयोजन अवधि चर्चा सत्र, फैशन शो अनि सांस्कृतिक कार्यक्रम पनि राखिएको छ।

## गोयल-पीएफएआई फ़ोरम

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो वैश्विक अर्थव्यवस्थामा भारतको भागीदारी लगातार बढिरहेको छ। भारत वैश्विक मूल्य अनि आपूर्ति श्रृंखलामा आफ्नो भूमिका मजबूत गर्ने प्रयास गरिरहेको छ। नयाँ दिल्लीमा 13 औ पीएएफआई वार्षिक फोरम-2026 मा उहाँले भन्नुभयो भारत आज चार ट्रिलियन डॉलरको अर्थव्यवस्था हो अनि 30 ट्रिलियन डॉलरको अर्थव्यवस्था बन्ने दिशामा अघि बढिरहेको छ।
श्री गोयलले भन्नुभयो क्रय शक्तिको आधारमा भारतको अर्थव्यवस्था लगभग 20 ट्रिलियन डॉलरको छ अनि यस आधारमा भारत विश्वको तेस्रो ठुलो अर्थव्यवस्था हो। उहाँले बताउनु भयो आगामी पांच वर्षमा भारतमा सेमीकंडक्टरको मांग बढेर हरेक बर्ष 150 अरब डॉलर भन्दा अधिक हुन सक्नेछ। उहाँले आर्टिफिशियल इंटेलिजेंसको क्षेत्रमा पनि क्षमता बढ़ाउनेमा जोड दिनुभयो। श्री गोयलले भन्नुभयो निजी क्षेत्र द्वारा रकेटलाई अंतरिक्षमा प्रक्षेपण गर्ने भारत बिश्वको तेस्रो देश बनेको छ। उहाँले भन्नुभयो भारत 120 भन्दा अधिक यूनिकॉर्नको साथ बिश्वको तेस्रो ठुलो स्टार्टअप इकोसिस्टम बनेर उदय भएको छ।

## बीजेपी विधायक निधन

आगराका फतेहाबादबाट बीजेपी विधायक छोटे लाल वर्माको हिजो नोएडाको एक अस्पतालमा उपचारको क्रममा निधन भएको छ । थाहा लागे अनुसार पछिलो दुइ दिनदेखि उहाँ जोरोले पीड़ित थिए। उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथले छोटे लाल वर्माको निधनमा शोक व्यक्त गर्नुभएको छ। मुख्यमंत्रीले भन्नुभयो छोटे लाल वर्माको निधन खुबै दुखद छ।

## इटली में बुर्का-नकाब पर रोक

इटली सरकारले स्कूलहरुमा बुर्का अनि नकाब लगाउने माथि रोक लगाउन मंजूरी दिएको छ। सरकारले तय अनुसार कुनै एक कक्षामा यस्ता विद्यार्थिहरुको संख्या 30 प्रतिशत भन्दा हुने छैन, जसलाई इतालवी भाषाको कम ज्ञान छ। प्रधानमंत्री

**जॉर्जिया मेलोनी**ले भन्नुभयो यी नियमहरुको उद्देश्य नानीहरुलाई समाजमा असल तरिकाले जोड्नु हो। विपक्षी दलले सरकारको यस निर्णयको आलोचना गरेको छ। उनीहरुको आरोप अनुसार सरकारले दक्षिणपंथी पार्टी **फुतुरो नाज़ियोनालेको** नीतिहरुलाई बढ़ावा दिइरहेको छ। इटलीमा आगामी बर्ष आम चुनाव हुनु छ। शिक्षा मंत्री **ज्यूसेपे वाल्डिताराले भन्नुभयो** 30 प्रतिशतको सीमा नागरिकताको आधारमा होइन, तर भाषाको आधारमा छ।

**संयुक्त राष्ट्र महासभा इस्राएल**

संयुक्त राष्ट्र महासभामा इस्राएलका प्रधानमंत्री बेंजामिन नेतन्याहूको भाषण अघि कयौ देशका प्रतिनिधि सभागृहबाट बाहिर निस्किए। न्यूयॉर्कमा सम्पन्न महासभालाई संबोधित गर्दै नेतन्याहूले बाहिर निस्कने प्रतिनिधिहरुलाई "नैतिक रूपले कायर" बताउनुभयो। उहाँले भन्नुभयो जो मानिसहरु जो उनको बातसित सहमत छैनन्, उनीहरु पनि बाहिर जान सक्नेछन्। यस अवधि इज़राइली प्रतिनिधिमंडलले उहाँको समर्थन गरे। गाज़ा अनि लेबनानमा इस्राएलको सैन्य कार्रवाइहरुलाई लिएर इस्राएललाई अंतरराष्ट्रीय स्तरमा आलोचनाको सामना गर्न परेको छ। संयुक्त राष्ट्रको एक जांच आयोगले पहिले इस्राएलले गाज़ामा फिलिस्तीनिहरु बिरुद्ध नरसंहार गरेको आरोप लगाएको थियो। इस्राएलले यी आरोपहरुलाई कडाईका साथ खारेज गरेको छ। गाज़ामा हालको युद्धको शुरुआत 7 अक्टूबर 2023 मा हमासको नेतृत्वमा दक्षिणी इस्राएलमा भएको हमला पछि भएको थियो। यस हमलामा लगभग 1,200 जना मारिएका थिए अनि 251 जनालाई बंधक बनाइएको थियो। जसको जवाबमा इस्राएलले गाज़ामा सैन्य अभियान शुरू गरेको थियो। गाज़ाको स्वास्थ्य मंत्रालय अनुसार, यस अभियानमा हालसम्म 73,920 भन्दा अधिक मारीएका छन्।

**यूसीआई रोड वर्ल्ड चैंपियनशिप 2032**

भारतले पहिलो चोटी **यूसीआई रोड वर्ल्ड चैंपियनशिप** को आयोजन गर्ने भएको छ। वर्ष 2032 मा हुने यस प्रतिष्ठित प्रतियोगिताका लागि पुणेलाई आयोजक शहर चुनिएको छ। यो निर्णय महाराष्ट्र अनि सम्पूर्ण देशको खेल महत्वाकांक्षाका लागि एक महत्वपूर्ण उपलब्धि मानिएको छ।

कनाडाको मॉन्ट्रियलमा आयोजित यूसीआई कांग्रेसमा पुणेको दावेदारीको अंतिम प्रस्तुति पछि यो घोषणा गरियो। महाराष्ट्र सरकारका वरिष्ठ अधिकारीले पनि पुणेको दावेदारीको समर्थनमा मॉन्ट्रियलमा उपस्थित थिए।

यस विश्व चैंपियनशिपको आयोजनले अंतरराष्ट्रीय साइकिलिंग मानचित्रमा पुणेको पहिचान अनि मजबूत हुने आशा छ। विश्वभरीको प्रमुख साइकिल चालक यस प्रतियोगितामा भाग लिनका लागि पुणे आउने छन्।

यो चैंपियनशिपबाट साइकिलिंगलाई बढ़ावा प्राप्त हुनका साथै साइकिलिंगका लागि उत्तम बुनियादी ढांचा, प्रशिक्षण सुविधा अनि अंतरराष्ट्रीय खेल आयोजनहरुले क्षमता विकसित गर्ने अवसर पनि प्राप्त हुनेछ।